
“पौडेल थर हाम्रो साझा घर”

पौडेल वंश महासंघ नेपाल

# वंशावलीको अवधारणा र सङ्कलन विधि :

## ( किन र कसरी ?)




**प्रा.डा. कृष्णप्रसाद पौडेल,**

केन्द्रीय सदस्य एवं

वंशावली सङ्कलन समिति संयोजक,

९८४१२७०८५३

kpoudel.pokhara@gmail.com

**नारायणप्रसाद पौडेल,**

केन्द्रीय सदस्य एवं

वंशावली सङ्कलन समिति सचिव,

९८४१६१५१७६

narayanp.poudel@gmail.com



केन्द्रीय कार्यालय, देवघाट, चितवन

२०८१

## १. परिचय

नेपाली शब्दकोषमा अर्थ्याइएका आधारमा वंशावली 'कुनै वंशमा जन्मेका मानिसहरूको मूल पुरुषदेखि वर्तमान कालसम्मका शाखा सन्तानको क्रमानुसार बनाइएको नामावली तालिका हो' भनिएको छ (नेपाली बृहत् शब्दकोष, सातौं संस्करण, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७) । पौडेल वंश महासंघको विधान २०७६ ले वंशावलीको परिभाषाअन्तर्गत **"पौडेल वंशावली"** भन्नाले पौडेल वंशका मूल पुर्खा र तिनका सन्ततिहरूको विगत र वर्तमान इतिहास समेटी प्रकाशन गरिएको पुस्तेवारीसहितको पुस्तकलाई सम्झनु पर्दछ, भनिएको छ (पौडेल वंश महासंघको विधान २०७६, देवघाट, चितवन) । यस परिभाषाले वंशावलीलाई मूल पुरुषदेखि विस्तार हुँदै गएका सन्ततिहरूको विवरणको दस्तावेज भन्न सकिन्छ । वंशावली सामान्यतया थाहाभएसम्मको पहिलो मूल पुरुषदेखि उनका सन्ततिहरूको पुस्ता अनुसारका तहगत स्वरूपको रेखात्मक चित्रका माध्यमद्वारा देखाउने गरिन्छ । यस प्रकारको रेखाचित्रमा पहिलो थाहा भएका पूर्खादेखि सुरु भएर क्रमशः उनका सन्ततिहरूको नामनामेसी उल्लेख गरिंदै अगाडि बढ्दै गएको हुन्छ । त्यसैले यस्तो रेखाचित्र एकबाट धेरैभएर सबै वंशलाई समेट्ने प्रयास गरिएको हुन्छ ।

## २. वंशावली लेखनको विकास र विषयवस्तुहरू

पूर्वीय दर्शनशास्त्रमा विशेषगरेर आर्यवर्ती संस्कृतिमा वंशका मूल पुरुषको नामबाट गोत्रको प्रादुर्भावसँगै वंशको पृथकीकरण र विन्यासको सुरुवात भएको मानिन्छ । यस प्रकारका गोत्रीय विन्यासले सगोत्रीय र विगोत्रीयको सैद्धान्तिक भिन्नताको मौलिक मान्यता स्थापित भएको देखिन्छ । सगोत्रीय र विगोत्रीय परिवारसँग गरिने सामाजिक सम्बन्ध एवं संस्कारिक सम्बन्धका कार्यहरू बीचको अन्तरलाई अलग र स्पष्टरूपमा प्रष्ट्याईएको पाइन्छ । सोही आधारमा विगोत्रको बीचमा वैवाहिक सम्बन्ध वा कुटुम्बकीय सम्बन्ध कायम गर्न सकिने र सगोत्रमा पारिवारिक वन्धुत्वको सम्बन्ध कायम गर्न सकिने संस्कार परापूर्वकालदेखि चल्दै आएको छ । सगोत्रमा पनि पुस्तान्तरणका आधारमा गरिने भिन्न संस्कार का मान्यताहरू छन् । यस्ता पूर्वीय दर्शनका मान्यताहरूले समाजको विकासलाई स्वच्छ, सबल र नियमितता कायम गरेका छन् । यिनै वंशगत तथ्यहरूलाई लक्षित गरी आफ्नो वंश (गोत्रीय वन्धुहरू) को मूल पुरुष देखि वंशवृक्ष वा वंशलताका पुस्तान्तर खुल्नेगरी वंशावली निर्माण गरिएका

हुन्छन् । वंशावलीको सुरुवात धेरै पहिलादेखि नै भएको भन्ने भनाई छ तर ऐतिहासिक लिखित प्रमाणहरू एकीकृत रूपमा नभएर विभिन्न शास्त्र तथा पुराणहरूमा कुनै न कुनै प्रसँगमा उल्लेख गरेका भेटिन्छन् र तिनै उल्लेखित दृष्टान्तहरूका माध्यमबाट वंशको ऐतिहासिक कालखण्डलाई जोड्ने कार्य भएकाछन् ।

हामी आत्रेय गोत्रका पौडेलहरूको वंशावलीका लागि धेरै पहिलाबाट केही प्रयास भएका देखिन्छन् । हालसम्म प्राप्त तथ्यका आधार मा पं. विद्यापतिद्वारा शाके १८०९ मा लिखित आत्रेय वंशावली सम्भवतः सबैभन्दा पुरानो लिखित वंशावली भनेर 'पौडेल वंशावली' २०६० मा उल्लेख गरिएको छ (पृ.४०२) । यसपछि विभिन्न समयमा आ-आफ्ना क्षेत्रमा छिट्पुट्रूपमा केही हस्तलिखित वंशावलीहरू भएका तथ्यहरू पनि पौडेल वंशावली २०६० (पृ.८६६-८६८) मा उल्लेख गरिएका छन् । यिनका अतिरिक्त बागलुङ.को झिम्पा निवासी डिलामनि पाध्यद्वारा वि.सं. १९५० देखि १९६० तिरको हस्तलिखित वंशावलीका केही पाना भेटिएका छन् । काभ्रेको मण्डन देउपुर, स्यांजा, पर्वत  आदि स्थानहरूमा पनि केही पुराना विवरणहरू भेटिएका सूचनाहरू छन् । तर साहित्याचार्य पं. हरिप्रसाद पौडेलद्वारा लिखित वि.सं. २०४२ सालमा तोप गाछी झापाबाट प्रकाशित 'पौडेल वंश प्रकाश' वंशावलीको पुस्तकका रूपमा उपलव्ध छ । त्यसपछि क्रमशः विभिन्न स्थानबाट वंशावलीहरू प्रकाशन भएका भेटिन्छन् । वि.सं. २०४६ मा विजयनाथ पौडेलले सङ्कलन गरेको 'पौडेल-कुल-प्रकाश' वासुदेव पौडेलद्वारा जाउलाखेल ललितपुरबाट प्रकाशन गरिएको र काशीराम शर्मा पौडेलद्वारा लिखित 'केही पौड्यालहरूको वंशावलीको दिग्दर्शन' वि.सं. २०५२ मा प्रेमवस्ती, चितवनबाट प्रकाशित वंशावलीमा केही विस्तृत विवरणहरू उपलव्ध छन् ।

वि.सं. २०५६ सालदेखि आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, पौडेल वंश राष्ट्रिय समिति भरतपुर १ देवघाट, चितवनले सङ्कलन गरी २०६० सालमा प्रकाशन गरेको पौडेल वंशावली नै हालसम्मको विस्तृत सङग्रह हो भन्न सकिन्छ । यही वंशावलीमा त्यस अघिका केही छिटपुट रूपमा प्रकाशित वंशावलीहरूको विवरण पनि समावेश छन् । यिनै वंशावली लेखनका प्रभावस्वरूप २०६० सालपछि विभिन्न स्थानमा बस्ने पौडेल वन्धुहरूले आ-आफनो पहिचानका लागि वंशावली सङ्कलन र लेखनका कार्यहरूमा सक्रियता देखाउनु भएको देखिन्छ । वि.सं.२०८०

सालसम्म आइपुग्दा समग्रमा ४१ वंशावलीहरू पौडेल वंश महासंघले सङ्कलन गरेको तथ्यांक प्रस्तुत गरिएको छ (हरिराम पौडेल, पौडेल वंशमहासङ्घ, बागमती प्रदेश पौडेल वंश स्मारिका,२०८० पृ.१७-१८)। यी सङ्कलित संख्याका अतिरिक्त विभिन्न स्थानहरूमा आ-आफ्ना कुल वंशका वंशावलीहरू प्रकाशित गरिएका तथ्यहरू भेटिने गरेका छन् र तिनीहरूको एकीकृत रूपमा सङ्कलन र व्यवस्थापन गर्ने कार्य चलिरहेको छ ।

## ३. वंशावलीको आवश्यकता

उपलब्ध वंशावलीहरूमा समावेश गरिएका विषयवस्तुहरू मूलतः आत्रेय गोत्रका मूल प्रवर्तकबाट फैलिएका सन्ततिहरूका पुरुषतर्फको विस्तारलाई प्राथमिकतामा राखेको पाईन्छ । तर वंशावलीको आवश्यकता किन पर्‍यो ? भन्ने तर्फ खासै विश्लेषण गरेको भेटिंदैन । उपलब्ध वंशावलीहरूमा उल्लेख गरिएका बसाइ-सराइ र बस्ती विस्तारका क्रममा भएका गाउँ ठाउँका नाम, समयअनुसारका तथ्यगत प्रामाणिक वितरण आदि पनि कतिपय अवस्थामा भेट्न नसकिने अवस्थामा भएको पाईन्छ । अझ हालसम्म लेखिएका वंशावलीहरूमा कतिपय बन्धुहरूका पुस्तौली क्रमानुसारका बीचमा एकरूपता नभएर कुनै स्थानमा बस्ने हालका बन्धुहरू अर्को स्थानमा बस्ने बन्धुहरूभन्दा ९/१० पुस्तासम्मको फरक परेको समेत भेटिएको छ । यस्ता तथ्यगत अपुग सूचनाका अतिरिक्त अब लेखिने वंशावलीहरूमा वंशावली लेखनको उद्देश्यलाई नयाँ परिवर्तित समाजको आवश्यकताअनुसार परिमार्जन गर्दै लग्नुपर्ने देखिन्छ।

वंश सगोत्रीय नश्ल विस्तार हो । पूर्वीय दर्शनशास्त्रअनुसार हरेक मानिसको विस्तार आफ्ना कुल प्रवर्तकवाट भएको हो भन्ने मान्यता छ। तिनै कुल प्रवर्तकको गोत्रलाई आधार मानेर हिन्दु संस्कृतिमा गोत्रीय संस्कारको मान्यता रहेको छ। त्यसकाराण एकै गोत्र भएका सबै मानिसका मूल पुर्खा एउटै भएको मानिन्छ। आधुनिक विज्ञानले Deoxyribonucleic acid (DNA) को आविष्कार गरेको छ । हरेक मानिसको अनुवंशिक गुणहरू उस्का पुर्खाबाट सर्दै आउँछन् । ती गुणहरूको पहिचान कोषभित्रका अतिसूक्ष्म molecule (कोषिका) का आधारमा हुने गर्छ । ती अतिसूक्ष्म मोलिक्यूलहरू सगोत्रीयहरूमा एउटै अनुवंशिक गुण भएका हुन्छन् । पूर्वीय दर्शानशास्त्रले धेरै पहिलादेखि नै औंल्याएका वंशान्तरणका विषयहरूमा विस्तारै चासो बढ्दै गएको छ । वर्तमान समयमा विकसित

वैज्ञानिक एवं चिकित्सकीय खोज, अनुसन्धान र अध्ययनहरूले औंल्याएका वंशाणुगत गुणहरू वंश पुस्तान्तरणका सगोत्रीय संरचनाभित्र मात्र नभएर मावली, दिदी, बहिनी, भान्जा भान्जीजस्ता निकटस्थ सम्बन्धमा गरिने विवाहबाट जन्मिएका नयाँ सन्तानका आनुवंशिक गुणको विस्तारमा समेत रहन्छ । हालसम्म पत्तालागेका कतिपय रोगका कारणहरू पनि पारिवारिक नश्ल विस्तारबाट उत्पन्न भएको भन्ने देखिएका छन् । यस्ता परिवारमा पर्नसक्ने दीर्घकालीन नकारात्मक असरका विषयहरूमा वर्तमान अवस्थाको बसाइ-सराइ, शहरीकरण र एकांकी जीवनशैलीका साथै पारिवारिक नाममा भएका विविधिकरण (शर्मा, उपाध्याय, जैसी, के.सी आदि) का कारण सगोत्रीय सम्बन्ध र अत्यन्त निकटस्थ परिवारभित्र पनि एक आपसमा नातागोता र पैतृक वंशान्तरणका विषयमा चिनजानको अवस्था नरहने कारणले वैवाहिक सम्बन्ध कायम गर्ने सम्भावना रहेको छ । त्यस्ता जोडीबाट पैदाहुने सन्तानमा शारीरिक र मानसिक दुर्वलता साथै आनुवंशिक रोगको सिकारसमेत हुने सम्भावना रहन्छ ।

ती आनुवंशिक समस्याको न्यूनीकरणका लागि पूर्वतयारी स्वरूप आ-आफनो थर गोत्रका बन्धु-बान्धवहरूको वंशावली पंजीकरण र लेखनको आवश्यकता देखिएको छ । यो विषय कुनै एक जात वा थरको मात्र होइन । यसले कुनै जातीय वा गोत्रीय विखण्डनका लागि मलजल गर्न सक्ने सम्भावना बोक्न सक्छ भन्ने भनाइ पनि यथार्थरूपमा तार्किक छैन । समाजका हरेक जाति, धर्म र वर्गका मानिसहरूले आ-आफ्नो वंशावली बनाएको खण्डमा भविष्यमा हुने मानवका बीचको आनुवंशिक समस्याहरू स्वतः न्यूनीकरण भएर जाने छन् । यस्ता तथ्यांकको मूल आधार वंशावली हुनेछ ।

आजको पुस्ताले तयार गरिदिएको वंशावली भविष्यका पिडीका लागि ऐतिहासिक आधार बन्ने छ । त्यसकारण भनिन्छ आजको पुस्ताले लिपीबद्ध गराएका तथ्यहरूका आधारमा भोलीका पुस्ताहरूले हामी को हौं ? हाम्रा पूर्खा कहाँबाट आएका थिए ? उनीहरूका बौद्धिक क्षमता, कार्यकुलता, संस्कृति, संस्कार, सबलता र दुर्वलता के रहेछन्? भन्ने बिषयहरूको यथार्थ जानकारी गर्ने दस्तावेज वंशावली बन्नेछ । त्यसकारण, वंशावलीमा उल्लेखित पुस्तेवारी सहित भौगोलिक स्थान र समय जस्ता विषयहरूको प्रामाणिक आधार स्पष्टरूपमा राख्नु पर्ने हुन्छ । यस्तो महत्वपूर्ण कार्यका लागि आजको पुस्ता अत्यन्त संवेदनशील भएर लाग्नु पर्नेहुन्छ । यदि,

आज केही लेख्न र पढ्न सक्ने पुस्ताले यस प्रकारको तथ्य सङ्कलन र लेखनमा चासो दिन नसकेको खण्डमा पक्कै पनि आफ्नो इतिहास मेटाउने र भविष्यमा आफ्ना कुल वंशको अधोगति तर्फ अग्रसरहुने सम्भावनाको जिम्मेवारी बहन गर्नुपर्ने अवस्था सृजना हुन सक्नेछ ।

### ४) वंशावली सङ्कलन तथा लेखनको जिम्मेवारी

आफ्नो वंश बृक्षको हाँगोका बिषयमा सबैभन्दा बढी जानकारी आफ्नोमा नै रहन्छ । यो तथ्य हामीले पितृ श्राद्ध गर्दा पनि स्वर्गवास भएका पिता तर्फ र माता तर्फ कम्तिमा बुवा, आमा, पिता, माता, हजुर बुवा हजुर आमा, फुपू, दिदी, बहिनीहरूको नाम, गोत्र र त्यस भन्दा माथिका पुस्ताको नाम थाहा भएसम्म नाम लिने र यदि नभएमा तत् तत् अमुक नाम भनेर जल तथा पिण्ड अर्पण गर्ने परम्परा छ । त्यही कारणले आफना कुल पितृहरूको नाम आफैले तयार गरेर मूल हांगोसँग जोडाउनु सबैभन्दा उपयुक्त र सरल माध्यम हुनजान्छ । यही आधारमा पौडेल वंश महासंघले देश तथा विदेशमा बसोवास गरेका आत्रेय गोत्रीय पौडेल थरका सम्पूर्ण बन्धु-बान्धवहरूलाई एकसूत्रमा जोड्नका लागि आफ्नो विधानमा केन्द्र, प्रदेश, जिल्ला, पालिका, पूजाउपसमिति र वैदेशिक उपसहितहरूको सांगठनिक संरचनाको परिकल्पना गरेको छ । वंशावलीको सङ्कलन तथा लेखनका लागि पनि तिनै तहगत संरचनाहरूलाई जिम्मेवार बनाउने लक्ष राखेको छ ।

महासंघको सबैभन्दा महत्वपूर्ण र नीति तथा कार्यक्रम सञ्चालनको मुख्य अंग पूजा समिति हो । पूजा समितिहरू नै प्रत्येक वंशको एकीकृत रूपमा आफ्नो हाँगो वा एकै स्थानमा बस्ने र बन्धुत्व कायम गर्ने परिवार हरूको संयुक्त पूजा गर्ने थलो हो । त्यस परिवारका हरेक सदस्यले पूजामा धूप, अक्षता लग्ने र सक्रिय सहभागिता जनाउने हुँदा एक आपसमा घनिष्टता कायम हुन्छ । हरेकले एक अर्कासँग निकटतम् सम्बन्ध राख्ने सुअवसर रहन्छ । त्यही कारण वंशावली तयार गर्ने महत्वपूर्ण समिति तिनै पूजा समिति हुन्छन् । तर तिब्र बसाइ सरेर आउने ठूला शहर र तराई क्षेत्रमा भने कतिपय पूजा समिति भित्र एकै हाँगोका बन्धुहरू नभएर बिभिन्न स्थानबाट आउने वन्धु मिलेर पूजा गर्ने प्रचलन छ । त्यस्तो स्थानमा पनि पूजा समितिले वंशावली सङ्कलनमा सहजिकरण गरेमा वंशावली तयार गर्न सकिन्छ । यदि कुनै परिवार पूजा समितिसँग आवद्ध नभएमा त्यस्ता परिवारको पहिचान गरी पूजा समितिमा आवद्धता

गराई महासंघले लिएको **'पौडेल थर हाम्रो साझा घर'** भन्ने अभियानलाई साकार बनाउन मद्दत गर्ने छ। त्यसकारण हरेक पूजा समिति वंशावली तयार गर्ने महत्वपूर्ण स्थानीय निकाय बन्ने छ।

त्यस्तैगरेर विदेशमा रहेका बन्धुहरूको वंशावलीको विवरण सम्वन्धित देशमा रहेका महासंघका संयोजकहरूबाट संङ्कलन गर्नेछन्। ती बन्धुहरूको विवरणमा नेपालबाट जानुभन्दा पहिलाको ठेगाना र पुर्खाको नामनामेसी खुलेमा सोही विवरणमा राख्ने र यदि त्यस्तो विवरण खुल्न नसकेमा सोहीकुरा उल्लेख गरी केन्द्रीय वंशावली समितिलाई उपलव्ध गराउनु पर्ने छ।

**५) अन्तमा**

वंशावलीमा उल्लेख गर्नुपर्ने भनिएका तथ्यांकहरू हरेक परिवारले आफ्नो विवरण भरेर आफ्नो सही र सम्पर्क नम्बर सहित १ प्रति आफूसँग राख्ने र अर्को प्रति सम्बन्धित पूजा समितिको संकलकलाई दिनुपर्ने छ। सम्बन्धित पूजा समितिको संकलकले पनि प्राप्त विवरणको प्रतिलिपी बनाएर सबैमा सहीछाप र सम्पर्क नम्बर राखी सम्बन्धित पालिका स्तर को उपसमितिमा पठाउने र पालिका उपसमितिसंयोजकले कम्प्युटरमा टाइप गरेर १ प्रति प्रिन्ट गरी आफूसँग राख्ने र १ प्रति प्रिन्ट र डिजिटल कपी जिल्ला र जिल्लाबाट रुजु गरेर प्रदेश र प्रदेशले रुजुगरी केन्दीय समितिलाई पठाउनु पर्ने छ। प्राप्त तथ्यांकका आधारमा मूल हाँगोसँग जोडिएकालाई जोड्ने र नजोडिएका बन्धुहरूको विवरण तयार गरी तोकिएका वा अनुमानित गरेका स्थानहरूमा समपर्क स्थापित गरी जोड्ने प्रयास गर्ने छ। तयार भएका सम्पूर्णको विवरणलाई केन्द्रीय समितिले छाप्ने र वितरण गर्ने व्यवस्था मिलाउने छ।

यदि कुल पूजा समितिहरू वा अन्य पालिका, जिल्ला आदिले आफनो वंशावलीमा माथि उल्लेखित तथ्यांक सहित तयार गरिसकेका वा लेखन तथा प्रकाशन गरिसकेका भएमा त्यस्तो वंशावलीलाई अध्यावधिक गरी माथि उल्लेखित आवश्यक प्रक्रिया पूरा गरेर त्यस्को प्रिन्ट कपी र डिजिटल कपी (Word File) सम्वन्धित समितिहरूलाई उपलब्ध गराउनु पर्ने छ। यस सम्वन्धी थप केही बुझ्नुपरेमा वशावली सङ्कलन केन्द्रीय समितिलाई सम्पर्क गर्न अनुरोध गरिन्छ।

# वंशावली सङ्कलन तथा लेखन कार्यविधि, २०८१

(माहसंघ कार्यसमितिले मिति २०८१/१०/१४ को निर्णय अनुसार अनुमोदित)

## परिच्छेद १
## प्रारम्भिक

१) विषय वा प्रसंगले यो कार्यविधिको नाम पौडेल वंश महासंघको **'पौडेल वंशावली सङ्कलन तथा लेखन कार्यविधि'** भन्ने हुनेछ ।

२) यसको मुख्य कार्यालय पौडेल वंश महासंघको मुख्य कार्यालय संगै रहने छ ।

**३) परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा निम्नलिखित शब्दहरूको निम्नानुसार परिभाषा गरिएको छ :

१) **महासंघ** भन्नाले पौडेल वंश महासंघलाई जनाउँनेछ ।

२) **विधान** भन्नाले 'पौडेल वंश महासंघको विधान २०७६' लाई जनाउने छ ।

३) **पौडेल वंशावली** भन्नाले पौडेल वंशका मूल पुर्खा र तिनका सन्ततिहरूको विगत र वर्तमान इतिहास समेटी प्रकाशन गरिएको पुस्तेवारीसहितको पुस्तकलाई सम्झनु पर्दछ, ।

४) **वंशावली सङ्कलन तथा लेखन केन्द्रीय समिति** भन्नाले पौडेल वंश महासंघको केन्द्रीय समितिको बैठकको निर्णयबाट जिम्मेवारी दिईएको र त्यसपछि गठन गरिएको समितिलाई जनाउँनेछ ।

५) **वंशावली उपसमिति** भन्नाले वंशावली सङ्कलन तथा लेखनका लागि व्यवस्था गरेको प्रदेश, जिल्ला, पालिका र पूजा उपसमितिलाई जनाउँनेछ ।

६) **वंशावली सङ्कलन संयोजक** भन्नाले विभिन्न मितिमा भएका प्रदेश, जिल्ला, पालिका उपसमिति र पूजा समितिका अधिवेशनबाट निर्वाचित वा चयन भएका वंशावली सङ्कलन उपसमितिका संयोजक भन्ने बुझाउँनेछ ।

# परिच्छेद २
## वंशावली सङ्कलन तथा लेखन

**४) पौडेल वंश महासंघको वंशावली सङ्कलन तथा लेखन कार्य** प्रस्तुत गरिएका अवधारणाका आधारमा निम्न अनुसारका विधि अवलम्वन गरिने छ।

४.१ वंशावली सङ्कलन तथा लेखन समिति (विधान अनुसार उप समिति)[1], प्रदेश, जिल्ला, पालिका र पूजा उपसमितिहरूको संरचना, काम कर्तब्य र अधिकार यस प्रकार हुनेछ।

(स्पष्टिकरण: २०८० माघ २६ र २७ गते देवघाटमा बसेको महासंघको केन्द्रीय बैठकको निर्णय अनुसार तोकिएको संयोजक र सचिवको समितिलाई पूर्णताका लागि समितिको संरचनाको प्रस्ताव यस प्रकार गरिएको छ )।

**क) केन्द्रीय वंशावली सङ्कलन समितिको गठन, काम कर्तव्य र अधिकार**

केन्द्रीय समितिको वैठकबाट जिम्मेवारी तोकिएका संयोजक र सचिव, प्रदेश अधिवेशनबाट निर्वाचित सात प्रदेशका वंशावली संकलन उपसमितिका संयोजकहरू पदेन सदस्य र बढीमा २ जना वंशावली विज्ञको केन्द्रीय समितिबाट मनोनित गरी जम्मा ११ सदस्यीय केन्द्रीय वंशावली संकलन तथा लेखन समिति गठन गरिने छ।

**केन्द्रीय वंशावली समितिले निम्न अनुसारका तोकिएका कार्य गर्नुपर्ने छ।**

(१) पौडेल वंश महासंघले निर्धारित गरेका पौडेल वंशको वंशावलीसंग सम्वन्धित खोज, अनुसन्धान तथा तथ्य र तथ्याङ्कहरूको विवरण सङ्कलन एवं संयोजन गरी वंशावलीमा पुस्तान्तरण, भौगोलिक स्थान तथा ऐतिहासिक प्रमाणिकरणका आधारहरू तयार गर्ने।

(२) पूजा समिति, पालिका, जिल्ला, प्रदेशका वंशावली उपसमितिहरूलाई वंशावली सङ्कलनका लागि सरसल्लाह,सुपरीवेक्षण र दिशानिर्देशन गर्ने, गराउने।

(३) उपसमितिहरूबाट सङ्कलित वंशावलीको रुजुगर्ने एवं उपसमिति हरूबाट मूल हाँगोमा जोडिन बाँकी बन्धुहरूलाई सम्भावित कुल पुर्खाका मूल हाँगोमा जोड्नका लागि तथ्यहरूको पहिचान गर्ने।

(४) वंशावली लेखनकार्यको संयोजन गर्ने र रेखात्मक पुस्तावली विवरण संकलन फारम भर्न लगाउने र सङ्कलन गर्ने।

(५) वंशावलीको सहज उपलब्धताका लागि आवश्यक आधुनिक प्रविधिहरूको पहिचान गरी वेवसाईट (Website) वा अन्य

---

1 विधानको धारा १७ को उपधारा १७ मा बिभिन्न बिषयगत केन्द्रीय उपसमितिहरूको पनि व्यवस्था गरेको छ। त्यस मध्ये वंशावली संकलन उपसमिति पनि एक हो।

डिजिटल माध्यमबाट सहज तरिकाले सबै उपसमिति र बन्धहरूको पहुँचमा वंशावलीलाई पुऱ्याउने कार्य गर्ने,

(६) हालसम्म लेखिएका र उपलव्ध भएका पौडेल बन्धुहरूका र अन्य बन्धुहरूकासमेत वंशावली, स्मारिका तथा वंशसंग सम्वन्धित इतिहास, अनुसन्धानात्मक लेख, रचना आदिको सङ्कलन गरी पौडेल वंश महासंघको अभिलेखालयमा राख्नका लागि सबै बन्धुहरूलाई उत्प्रेरित गर्ने र यसको व्यवस्थापनका लागि महासंघलाई अनुरोध साथै सहयोग गर्ने ।

(७) महासंघलाई आवश्यक सरसल्लाह र सहयोग गर्ने र महासंघबाट प्राप्त नीति तथा मार्गनिर्देशनका आधारमा कार्य गर्ने ।

(८) महासंघका सल्लाहकार समिति, केन्द्रीय पदाधिकारी एवं सदस्यहरू, अन्य प्रदेश, जिल्ला, पालिका पूजा समिति, उपसमितिहरूसँग संयोजन र सहकार्य गर्ने ।

(९) महासंघलाई आवश्यक परेको समयमा वा महासंघको नियमित बैठकमा वंशावली सम्बन्धी भए गरेका कामका विषयमा अवगत गराउने र आवधिक प्रतिवेदन पेस गर्ने ।

**ख) प्रदेश वंशावली सङ्कलन उपसमितिको गठन, काम कर्तव्य र अधिकार**

प्रदेश अधिवेशनबाट निर्वाचित वंशावली संयोजक उपसमितिको पदेन अध्यक्ष र सम्बन्धित प्रदेश अन्तर्गतका जिल्ला वंशावली उपसमितिका निर्वाचित संयोजकहरू पदेन सदस्य रहने र सम्बन्धित प्रदेशका बढीमा २ जना वंशावली विज्ञहरू महासंघको प्रदेश उपसमितिले मनोनित गरी प्रदेश वंशावली संकलन उपसमितिको गठन गरिने छ। जिल्लाको संख्याका आधारमा सदस्य संख्या रहने छन् । उपसमितिको पहिलो बैठकले एकजना सदस्यलाई सचिवको जिम्मेवारी तोक्ने छ ।

**प्रदेश वंशावली सङ्कलन उपसमितिले निम्नअनुसारका काम गर्नुपर्ने छ ।**

(१) प्रदेश वंशावली उपसमितिका संयोजक केन्द्रीय वंशावली समितिका पदेन सदस्य हुने भएकाले प्रदेशका वंशावली सङ्कलन तथा संयो जनका विषयमा केन्द्रीय वंशावली समितिलाई अवगत गराउनु पर्नेछ ।

(२) पौडेल वंश महासंघ र केन्द्रीय वंशावली समितिको नीति तथा दिशानिर्देशनबमोजिमका आफ्नो प्रदेशभित्रका वंशावलीसंग सम्वन्धित तथ्याङ्क, सूचना र अभिलेखहरूको सङ्कलन र संयोजन गर्ने र ती दस्तावेज तथा सूचनालाई केन्द्रीय अभिलेखालयमा राख्नका लाथि केन्द्रीय वंशावली समितिलाई उपलव्ध गराउने ।

(३) सम्बन्धित प्रदेशका जिल्ला, पालिका तथा पूजा समितिका वंशावली उपसमितिहरूसंग संयोजनकारी भूमिका निर्वाह गर्ने ।

(४) सम्बन्धित प्रदेशका जिल्ला, पालिका तथा पूजा समितिलाई रेखात्मक पुस्तावली विवरण संकलन फारम भर्न लगाउने र सङ्कलन गर्ने । संकलित वंशावलीलाई रुजु गरी केन्द्रीय वंशावली समितिको बैठकमा छलफलका लागि पेस गर्ने ।

(५) महासंघ लगायत केन्द्रीय वंशावली सङ्कलन समितिबाट प्राप्त नीति तथा दिशानिर्देशनका आधारमा जिल्ला, पालिका र पूजा समितिहरूलाई मार्गनिर्देशन गराउने ।

(६) जिल्लाबाट सङ्कलित वंशावलीलाई रुजुगर्ने र कुल पुर्खासंग नजोडिएका भएमा सम्भव भएसम्म जोड्ने र त्यसको विवरण केन्द्रीय समितिमा पठाउने ।

(८) आफ्नो प्रदेशको वंशावली तयार गर्ने, छाप्ने र प्रदेशभित्र वितरण गर्ने कार्यमा केन्द्रीय वंशावली समिति एवं महासंघसंग समन्वय गर्ने ।

**ग) जिल्ला वंशावली उपसमितिको गठन, काम, कर्तव्य र अधिकार**

जिल्ला अधिवेशनबाट निर्वाचित वंशावली संयोजकको अध्यक्षतामा सोही जिल्ला भित्रका पालिका अधिवेशनबाट निर्वाचित वंशावली संकलन उपसमिति संयोजक पदेन सदस्य रहने र जिल्लाभित्रका वंशावली विज्ञमध्ये बाट बढीमा २ जना महासंघको जिल्ला उपसमितिले मनोनित गरी जिल्ला वंशावली उपसमिति गठन हुनेछ । यस जिल्ला वंशावलीका कुल सदस्य संख्या प्रदेश अन्तर्गतका जिल्लाका संख्यामा निर्भर रहने छ । सोही उपसमितिले एकजना सदस्यलाई सचिवको जिम्मेवारी तोक्ने छ ।

**जिल्ला वंशावली सङ्कलन उपसमितिले निम्न अनुसारका काम गर्नुपर्नेछ ।**

(१) जिल्ला वंशावली उपसमितिका संयोजक प्रदेश वंशावली समितिका पदेन सदस्य हुने भएकाले जिल्लाका वंशावली सङ्कलन तथा संयो जनका विषयमा प्रदेश वंशावली समितिलाई अवगत गराउनु पर्नेछ ।

(२) पौडेल वंश महासंघ, केन्द्रीय वंशावली समिति र प्रदेश वंशावली उपसमितिहरूबाट प्राप्त नीति तथा दिशानिर्देशनबमोजिमका आफ्नो जिल्ला भित्रका वंशावलीसंग सम्बन्धित तथ्याङ्क, सूचना र अभिलेखहरूको संकलन, संयोजन गर्ने र सम्बन्धित समितिहरूमा कार्यन्वयनका लागि पठाउने ।

(३) सम्बन्धित पालिका तथा पूजा समितिका वंशावली उपसमितिहरूसंग संयोजनकारी भूमिका निर्वाह गर्ने ।

(४) सम्बन्धित पालिका तथा पूजा समितिबाट सङ्कलित वंशावलीलाई

रुजु गर्ने र त्यसलाई कम्प्युटरमा टाइप गरी त्यसको मूल प्रति जिल्लामा राख्ने र एक/एक प्रति प्रदेश र केन्द्रीय वंशावली समितिमा पठाउने। रेखात्मक पुस्तावली विवरण संकलन फारम भर्न लगाउने र सङ्कलन गर्ने ।

(५) महासंघलगायत केन्द्रीय एवं प्रदेश वंशावली सङ्कलन समिति र उपसमितिबाट प्राप्त नीति तथा दिशानिर्देशनका आधारमा आफनो जिल्ला, पालिका र पूजा समितिहरूलाई मार्गनिदेशन गर्ने ।

(६) पौडेल बन्धुहरूसंग सम्बन्धित वंशावली, अनुसन्धानात्मक लेख रचना, पुरातात्विक अभिलेख आदिको संकलन, अभिलेखिकरण आदिमा सहभागीता र संयोजन गर्ने ।

(७) पूजा समिति एवं पालिका उपसमितिबाट प्राप्त वंशावलीलाई रुजु गर्ने र कुल पुर्खासंग नजोडिएका भएमा जोड्न सकिने जोड्ने र बाँकी भएकालाई प्रदेश तथा केन्द्रीय समितिमा पठाउने ।

**घ) पालिका वंशावली उपसमितिको गठन, काम, कर्तव्य र अधिकार**

पालिका अधिवेशनबाट निर्वाचित वंशावली उपसमितिको संयोजक अध्यक्ष रहने र पालिका भित्रका पूजा समितिका संयोजक वा पूजा समितिले तोकेका व्यक्ति पदेन सदस्य रहने र पालिका भित्रका वंशावली विज्ञहरूबाट बढीमा २ जना महासंघको पालिका उपसमितिले मनोनित गरी पालिका वंशावली संकलन उपसमितिको गठन गरिने छ । यस उपसमितिका कुल सदस्य संख्या पालिकाभित्र रहेका प्रत्येक पूजा समितिको प्रतिनिधित्व रहने गरी हुनेछ । उपसमितिले एकजना सदस्यलाई सचिवको जिम्मेवारी तोक्ने छ ।

**पालिका वंशावली सङ्कलन उपसमितिले निम्नअनुसारका काम गर्नुपर्ने छ ।**

(१) पालिका वंशावली उपसमितिका संयोजक जिल्ला वंशावली समितिका पदेन सदस्य हुने भएकाले आफनो पालिकाको वंशावली सङ्कलन तथा संयोजनका विषयमा जिल्ला वंशावली उपसमितिलाई अवगत गराउनु पर्ने छ ।

(२) पौडेल वंश महासंघ, केन्द्रीय वंशावली समिति, प्रदेश र जिल्ला वंशावली उपसमितिहरूका नीति तथा दिशानिर्देशन एव सहजिकरणका आधार मा आफ्नो पालिकाभित्रका वंशावलीसंग सम्बन्धित तथ्याङ्क, सूचना र अभिलेखहरूको सङ्कलन र संयोजन गर्ने ।

(३) सम्बन्धित पालिकाभित्रका पूजा समितिहरूलाई प्रत्येक घरघूरी को वंशावली तयार गर्न लगाउने र पूजा समितिमा आवद्ध नभएका बन्धुहरू भएमा उनीहरूलाई पूजा समितिमा आवद्ध हुनका लागि प्रेरित गर्ने । यदि आवद्धता जनाउन असमर्थ भएमा त्यस्ता

बन्धुहरूको वडा खुलाई वंशावली तयार गर्ने वातावरण मिलाउने ।

(४) पूजा समितिबाट संकलित वंशावलीलाई रुजु गरी जिल्ला वंशावली उपसमितिको बैठकमा छलफलका लागि पेस गर्ने ।

(५) रेखात्मक पुस्तावली विवरण संकलन फारम भर्न लगाउने र सङ्कलन गर्ने ।

(६) आफ्नो पालिका अन्तर्गतका पूजा समितिहरू र पूजा समितिमा आवद्ध नभएका बन्धुहरूलाई केन्द्रीय वंशावली सङ्कलन समिति तथा प्रदेश र जिल्ला वंशावली उपसमितिबाट प्राप्त नीति तथा दिशानिर्देशनका आधारमा सबै व्यक्ति तथा घरधूरीलाई वंशावली सङ्कलन र त्यस्को महत्वका विषयमा सुसूचित गर्दै वंशावली र पूजा समितिहरूका महत्व, आवश्यकता र यथार्थताका विषयमा अवगत गराउने ।

(७) आफ्नो पालिकाभित्र रहेका विभिन्न हाँगा (खलक), बस्ती एवं मूलथलो भएका पौडेल बन्धुहरूसंग समन्वयकारी भूमिका निर्वाह गरी सम्बन्धित वंशावली, अनुसन्धानात्मक लेख रचना, पुरातात्विक अभिलेख आदिको संकलन, अभिलेखिकरण आदिमा सहभागी र संयोजन गर्ने ।

(८) पालिका भित्रबाट संकलित वंशावलीलाई रुजु गर्ने र कुल पुर्खासंग नजोडिएका भएमा जोड्ने प्रयास गर्ने र तीनको यथार्थ विवरण खुलाई सम्बन्धित जिल्ला वंशावली उपसमितिमा पठाउने ।

### ङ.) पूजा वंशावली सङ्कलन उपसमिति

पूजा वंशावली सङ्कलन उपसमितिको गठन आ-आफ्नो पूजा केन्द्रमा आवद्ध परिवारले गर्ने छन् र सोही पूजा समितिले विज्ञताको आधारमा वंशावलीका लागि एकजना वा केही जनाको समिति गठन गर्ने छ ।

### पूजा वंशावली सङ्कलन उपसमितिको वंशावली निर्माण सम्बन्धी काम कर्तव्य र अधिकार

(१) पूजा उपसमितिले आफ्नो पूजामा संलग्न सबै घरपरिवार (घरधूरी) को वंशावलीको विवरण तयार गर्न लगाउने र अवश्यकता अनुसार अध्यावधिक समेत गर्ने ।

(२) तयार गरिएको घरपरिवारको वंशावली सङ्कलन गर्ने र रुजुगर्ने, गल्तीभएका वा सूचना अपुग भएमा अध्यावधिक गर्न लगाउने ।

(३) संकलित वंशावलीको एक प्रतिमा सम्बन्धित घरपरिवारको सही गराएर एक प्रति उहाँहरूलाई दिने र एक प्रति पूजा समितिमा जम्मा गर्ने ।

(४) पूजा समितिले जम्मा गरेको सबै सदस्य (घरपरिवार) को वंशावली

पालिका वंशावली उपसमिति संयोजकलाई बुझाउने ।

(५) रेखात्मक पुस्तावली विवरण संकलन फारम भर्न लगाउने र सङ्कलन गर्ने ।

(६) वंशवलीका लागि आवश्यक मार्गनिर्देशनहरू पालिका वा जिल्ला, प्रदेश, र केन्द्रीय वंशावली समिति, उपसमिति र महासंघका उपलब्ध सदस्यहरूबाट समेत लिन सकिने छ ।

(७) पूजा समितिहरूले स्थानीय स्तरमा उपलब्ध पौडेल वंशसंग सम्बन्धित पुरातात्विक महत्वका बिर्ता, लालमोहर, शिलापत्र, ताम्रपत्र, तमसुक, हस्तलिखित वा अन्य वंशावली, इतिहास लगायतका लेख रचना भएमा महासंघको अभिलेखालयका लागि उपलब्ध गराई सहयोग गर्नु पर्नेछ ।

## ५) घर परिवार

**वंशावलीमा उल्लेख गर्नुपर्ने तथ्याङ्कहरू हरेक घर परिवारले भरेर पूजा समितिलाई दिनु पर्नेछ ।**

क) कुलका मूल पुरुष (महिला समेत) को (हाँगोका) थाहा भए सम्मका नाम, मिति (वर्ष) र स्थान (मूल थात थलो कहाँ थियो) को सूचना दिनुपर्ने छ ।

ख) कुलका मूल पुरुष पछिका अन्य परिवारका सबै सदस्यहरूको हाँगा (पिता, माता, छोरा छोरी, बुहारी नाति, नातिनी आदि (जन्म मिति र यदि स्वर्गारोहण भएको भएमा मिति) सहित विवाहित छोरी र बुहारीको थर गोत्र र स्थान समेत खुल्ने गरी विवरण दिनुपर्ने छ ।

ग) बसोबास गरेको स्थानमा बसाई सरेर आएको भए कहिले कहाँबाट भन्ने कुरा उल्लेख गर्नु पर्नेछ ।


घ) हरेक परिवारले आफ्नो बिवरण भरेर आफ्नो सही र सम्पर्क नम्बर सहित १ प्रति आफूसंग राख्ने र अर्को प्रति सम्बन्धित पूजा समितिको संकलकलाई दिने । सम्बन्धित पूजा समितिको संकलकले पनि प्राप्त विवरणको प्रतिलिपी बनाएर सबैमा सहीछाप र सम्पर्क नम्बर राखी सम्बन्धित पालिका उपसमितिमा पठाउने ।

यी उपरोक्त समितिका अतिरिक्त विदेशमा रहेका बन्धुहरूको वंशावलीको विवरण सम्वन्धित देशमा रहेका महासंघका संयोजकहरूबाट सङ्कलन गर्ने । ती बन्धुहरूको विवरणमा नेपालबाट जानुभन्दा पहिलाको ठेगाना र पुर्खाको नामनामेसी खुलेमा सोही विवरणमा राख्ने र यदि त्यस्तो विवरण खुल्न नसकेमा सोहीकुरा उल्लेख गरी केन्द्रीय वंशावली समितिलाई उपलव्ध गराउनु पर्नेछ ।

**६.वंशावलीको ढाँचा :** वंशावलीमा समावेश गरिनु पर्ने तथ्याङ्कहरू (चित्र १) मा भए अनुसार हुनुपर्ने छ ।

| कालखण्ड | **थाहा भएसम्मका लेख्न पर्ने कुराहरु** | **लेखनको आधार (उपलब्ध भएसम्म)** |
|---|---|---|
| •ऐतिहासिक कालखण्ड | •मूल वंशको हाँगाको नाम,<br>•मूल पुरुष,<br>•तत्कालको स्थान<br>•अनुमानित समय | कथा पुराण, किंवदन्ति, सरकारी तथ्याङ्क, लालमोहर, विर्तापत्र आदि |
| •सम्झनाका पुस्तासहितको कालखण्ड | •मूल पुरुष र महिला,<br>•जन्म र स्वर्गारोहण भएको भए मिति,<br>•मूल थलो,<br>•हालको बसाई | परिवारका मूल सदस्यहरुको भनाई, सुनाई, गराई र भोगाई |
| •हालको परिवार सहितको कालखण्ड | •पिताको नाम, जन्म मिति, हालको बसोबास स्थान<br>•माताको नाम जन्म मिति, माइतिको थर, गोत्र, स्थान<br>•छोराको नाम जन्म मिति<br>•बुहारीको नाम, जन्म मिति, माइती थर, गोत्र, स्थान<br>•अविवाहित छोरीको नाम, जन्म मिति<br>•विवाहित छोरीको नाम जन्म मिति, घरतर्फको थर गोत्र, स्थान, हालको बसोबास स्थान | स्वर्गारोहण भएको भए मिति,<br>आफैले देखेको, समाजले भनेका र सम्बन्धित व्यक्तिलाई सोधिएका कुरा |

**परिवारका सदस्यको कुनै अनुकरणीय कार्यहरु (जस्तै पद, मान, प्रतिष्ठा, समाजका लागि गरेका उत्कृष्टकार्य, अन्वेषण, खोज अनॅसन्धान आदि) को अधिकत २०० शव्दमा अटाउने गरी नेपाली भाषामा कम्प्युटरमा टाईप गरेर पठाउनुहोला ।**




ब्यक्तिगत कम्प्युटर कोडिङ्मा बिचार गरिनु पर्ने.

| राज्य | प्रदेश | जिल्ला | पालिका | वडा | पूजा समिति | घर | व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| ००० | ०० | ०० | ००० | ०० | ०० | ०००० | ०० |

विश्वमा नेपाल लगायत ९९९ सम्म देशहरु, नेपालमा प्रदेश ७ भएपनि अन्य देशमा ९९ सम्म
जिल्ला ९९ सम्म, पालिका ९९९ सम्म, वडा ९९ सम्म, पूजा समिति ९९ सम्म
एक पूजा समिति भित्र ९९९९ घर, एक परिवारमा ९९ जना परिवार संख्या

चित्र २. क. वंशावली लेखनमा प्रयोग गर्ने नमूना

## पुर्खाको हाँगो र स्थान (पुस्ता ३८ का विमलानन्द पौडेलको हाँगो मण्डनधाईटार काभ्रे )

**४३** लक्ष्मी नारायण पौडेल (१९५१/८- २००४/१०/२६)
महमाया नेपाल (..........-२०४१/०१/१०)
माइती स्थान: ..............

**४४ छोरीहरू**
खनमया पौडेल (सापकोटा)
जन्म र मृत्यु मिति:
स्थान:
दूध कुमारी पौढेल (कोइराला)
जन्म र मृत्यु मिति:
स्थान:
प्रेम कुमारी पौडेल ( सापकोटा)
जन्म र मृत्यु मिति:
स्थान:
शुभद्रा पौडेल (सापकोटा)
जन्म (१९१० -............)
स्थान:
देव कुमारी पौडेल (नेपाल)
(..........-२०४१/०१/१०)
स्थान:

बसेको पालिका, जिल्ला/देश
**४४** गणेश प्रसाद पौडेल(१९७५-२०४८)
लिलामया सापकोटा (१९७७ -२०६६)
माइती स्थान:

बसेको पालिका, जिल्ला/देश
**४४** चन्द्र शेखर पौडेल (१९८६- २०६६)
खिनाउरी सापकोटा (१९८६-२०६४)
माइती स्थान:

बसेको पालिका, जिल्ला/देश
**४४** विष्ण प्रसाद (१९९५।१।१६-२०८०/७/९
विष्णुकुमारी नेपाल (१९९५-२०७९)
माइती स्थान:

**४५** रामबाबु पौडेल(२०२०।६।२)
हाल बसेको पालिका, जिल्ला/देश
**मण्डन धाईटार काभ्रे**
सरला अधिकारी २०२८।२।४)
माइती स्थान:

**४५** दीपक प्रसाद पौडेल (२०२३।९ /२५)
हाल बसेको पालिका, जिल्ला/देश
**मण्डन धाईटार काभ्रे**
सरस्वती नेपाल (२०२९/६/१)
माइती स्थान:

**४५ छोरीहरू**
शुभद्रा पौडेल कुँइँकेल (२०२७।१।७)
स्थान:
पवित्रा पौडेल गुरागाई (२०२९/४/२५)
स्थान:
गायत्री पौडेल अधिकारी (२०३२९।३)
स्थान:

**४६ छोरीहरू**
सुजाता पौडेल मैनाली (२०४८।७।२६)
स्थान
सुष्मिता पौडेल पराजुली (२०५२।५।१७)
स्थान

**४६ छोरीहरू**
सुदिपा पौडेल सापकोटा (२०५।१९।२८)
स्थान
दीक्षा पौडेल (२०५३।६।२३)

**४६** सदीप पौडेल(२०५७।७।९)
हाल बसेको पालिका, जिल्ला/देश

**नोट: परिवारका सदस्यको कुनै अनुकरणीय कार्यहरु जस्तै पद, मान, प्रतिष्ठा, समाजका लागि गरेका उत्कृष्टकार्य, अन्वेषण, खोज अनुसन्धान आदिको अधिकत २०० शब्दमा अटाउने गरी नेपाली भाषामा कम्प्युटरमा टाईप गरेर पठाउनुहोला।**

*स्रोत दीपक प्रसाद पौडेलद्वारा सङ्कलित, लिखिन, र सम्पादित मण्डनधाईटार मूल थलो भएका पौडेल बन्धुहरूको वंशावली २०७८ आषाढको पृ ७१, ७५, ७८ एवं दीपक प्रसाद पौडेलद्वारा लिखित जीवन यात्रा र अनुभूति २०७९ फाल्गुणको पृ १० मा उल्लेखित उहाँको वंश वृक्षबाट साभार।*

माथि उल्लेखित तथ्यहरूलाई एक देखि धेरै तर्फजाने रेखात्मक प्रणालीमा देखाउँदा सरल र सहज हुन जान्छ। यसको उदाहरण चित्र २ क र ख मा राखिएको छ। यसरी देखाउँदा एक परिवारको माथिल्लो हाँगामा भएको सिरीयल नम्बर अनुसार धेरै पृष्ठहरूमा पनि क्रमशः राख्न सकिने छ। प्रत्येकको नम्बरलाई कम्प्युटरमा पनि कोड गरेर डिजिटल बनाउने प्रयास गरिने छ। ती कोडहरूको नमूना पनि यहाँ राखिएको छ। यस्ता नम्बर एक आपसमा नबाझिने र नदोहोरिने हुनुपर्ने छ।

## परिच्छद ३
## विविध

६) प्राप्त तथ्यङ्कका आधारमा केन्द्रीय वंशावली सङ्कलन समितिले वंशावली तयार गर्ने छ । उपलव्ध तथ्यहरूलाई संयोजन गर्ने र सम्भावित मूल हाँगो संग जोडिन सकिने हाँगा र पुर्खा समेत उल्लेख गर्ने। मूल हाँगोसंग नजोडिएका बन्धुहरूको विवरण तयार गर्ने र केन्द्रीय समितिमा छलफलका लागि पेस गर्ने। तयार भएको विवरणका आधारमा केन्द्रीय वंशावली समितिले वंशावली छाप्ने र वितरण गर्ने व्यवस्था मिलाउने छ।

७) कुलपूजा समितिहरूले आफनो वंशावलीमा चित्र १ र चित्र २ मा उल्लेखित तथ्याङ्क सहित तयार गरिसकेका वा लेखन तथा प्रकाशन गरिसकेका भएमा त्यस्तो वंशावलीलाई अध्यावधिक गरी यस विधिका विभिन्न खण्डमा उल्लेखित आवश्यक प्रक्रिया पुरा गरेर त्यस्को प्रिन्ट कपी र डिजिटल कपी (Word File) सम्बन्धित पूजा समिति हुँदै पालिका, जिल्ला र प्रदेश मार्फत केन्द्रीय समितिलाई उपलव्ध गराउनु पर्नेछ।

८) वंशावली तयार गर्नका लागि आवश्यक बैठक सम्बन्धी सूचना, सहजिकरण, भ्रमण र त्यसमा लाग्ने खर्च, कम्प्युटर कार्य, छपाई र स्टेसनरी लगायतको आर्थिक व्यवस्थापनका विषयहरू महासंघका निर्णय अनुसार हुनेछ।

## पौडेल वंश महासंघ

वंशावली तथा कुलपुजा बिधि संकलन समिति

देवघाट, नेपाल

*(रेखात्मक पुस्तावली विवरण संकलन फारम)*

*अनुसूची २*

नाम:-

पैतृक थातथलो:-


जन्मस्थान:-

बसोबास स्थान:-

मूलपुर्खा:-

परिचय पत्र/ना.प्र.नं.:-

फोन नं.:-



*नोट :-*

**नवनिर्वाचित केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको नामावलीः–**

| क्र.सं. | नाम,थर | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री हरिराम पौडेल | अध्यक्ष | कास्की | ९८५११६३४९९ |
| २ | श्री शालिग्राम शर्मा पौडेल | व. उपाध्यक्ष | चितवन | ९८५५०५८४५८ |
| ३ | श्री विजय पौडेल | उपाध्यक्ष | मोरङ्ग | ९८५२०२६२७६ |
| ४ | श्री जमुना पौडेल | म.उपाध्यक्ष | सर्लाही | ९८५४०३५००३ |
| ५ | श्री कमलप्रसाद पौडेल | उपा. कोशी | झापा | ९८५२६७४८८० |
| ६ | श्री गोविन्दप्रसाद पौडेल | उपा. मधेश | महोत्तरी | ९८४४०४५१२४ |
| ७ | श्री दीपकप्रसाद पौडेल | उपा. बागमती | काभ्रे | ९८४१४२६६८७ |
| ८ | श्री शारदा पौडेल | उपा.गण्डकी | कास्की | ९८४६०६६१०५ |
| ९ | श्री शालिकराम पौडेल | उपा. लुम्विनी | रूपन्देही | ९८४७०५८८१८ |
| १० | श्री नरहरी पौडेल | उपा.कर्णाली | सुर्खेत | ९८६७७८७२४० |
| ११ | श्री दुर्गाप्रसाद पौडेल | उ. सुदुरपश्चिम | कैलाली | ९८६५८३८९९० |
| १२ | श्री उद्धवप्रसाद पौडेल | महासचिव | सुनसरी | ९८५२०४०८७९ |
| १३ | | सचिव | | |
| १४ | श्री चन्द्रमणि पौडेल | सहसचिव | म्याग्दी | ९८५५०५३०३९ |
| १५ | श्री युवराज पौडेल | कोषाध्यक्ष | बाँके | ९८५८०२४३४२ |
| १६ | श्री बेनुप्रसाद पौडेल | सह कोषाध्यक्ष | सुनसरी | ९८४२०३०६५१ |
| १७ | श्री रामकुमारी पौडेल | सदस्य | झापा | ९८४२६६८९४० |
| १८ | श्री ज्ञानप्रसाद पौडेल | | ओखलढुङ्गा | ९८४०८६८१२० |
| १९ | श्री वेदनिधि पौडेल | | ताप्लेजुङ | ९८४२६६०१०६ |
| २० | श्री श्यामकुमार पौडेल | | उदयपुर | ९८४२८४५१७६ |
| २१ | श्री राधाकृष्ण पौडेल | | धनकुटा | ९८४६८७१०९७ |
| २२ | श्री नारायणप्रसाद पौडेल | | धनकुटा | ९८४१६१५१७६ |
| २३ | श्री गणेशप्रसाद पौडेल | | इलाम | ९८१३२४६७०० |
| २४ | श्री युवराज पौडेल | | झापा | ९८४२६३६४१० |
| २५ | श्री नारायणदत्त पौडेल | | बारा | ९८४५२८४३७५ |
| २६ | श्री रामबहादुर पौडेल | | सप्तरी | ९८६३९०८३९० |
| २७ | श्री जनकप्रसाद पौडेल | | धनुषा | ९८६१००१४७२ |
| २८ | श्री सन्तोष पौडेल | | सर्लाही | ९८४४०६४३१९ |
| २९ | श्री नारायण पौडेल | | काठमाण्डौं | ९८५१००३४९३ |
| ३० | श्री नवराज पौडेल | | रामेछाप | ९८५११००२९२ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | श्री अग्नी पौडेल | | ताप्लेजुङ | ९८५१०२६०२१ |
| ३२ | श्री सुमन पौडेल | | काठमाण्डौ | ९८५१०४९१४४ |
| ३३ | श्री बासुदेव पौडेल | | काभ्रे | ९८४९९८६५०६ |
| ३४ | श्री वनमाली पौडेल | | ललितपुर | ९८४१३५४५५३ |
| ३५ | श्री कृष्णगोपाल पौडेल | | दोलखा | ९८४१२९३२८७ |
| ३६ | श्री कुलकुमारी पौडेल | | चितवन | ९८४५११३३५२ |
| ३७ | | | स्याङ्जा | |
| ३८ | श्री रामचन्द्र पौडेल | | म्याग्दी | ९८६६०५९८६३ |
| ३९ | श्री चन्द्रमणि उपाध्या पौडेल | | बाग्लुङ | ९८५७६२३२८७ |
| ४० | प्रा. डा. कृष्ण पौडेल | | स्याङ्जा | ९८४१२७०८५३ |
| ४१ | श्री छत्रधर आत्रेय पौडेल | | कास्की | ९८५६०२१६३७ |
| ४२ | प्रा.डा. श्री दर्गादत्त पौडेल | | लमजुङ | ९८६०४६८५१६ |
| ४३ | श्री रूद्रप्रसाद पौडेल | | तनहुँ | ९८५६०६५९३४ |
| ४४ | श्री देवीलाल पौडेल | | नवलपुर | ९८५७०२७६१६ |
| ४५ | श्री लिलाकुमारी पौडेल | | रूपन्देही | ९८५७०५९३८९ |
| ४६ | श्री रामचन्द्र पौडेल | | प्युठान | ९८५७८३३१९४ |
| ४७ | श्री प्रेम पौडेल | | बाँके | ९८५८०३००३७ |
| ४८ | श्री काशी पौडेल | | पाल्पा | ९८४७१७२२५५ |
| ४९ | श्री कृष्णप्रसाद पौडेल | | दैलेख | ९८६८०१०२९५ |
| ५० | श्री हरिप्रसाद पौडेल | | सुर्खेत | ९८४४८६३०१० |
| ५१ | श्री दुर्गाप्रसाद पौडेल | | सुर्खेत | ९८६६४९५९५० |
| ५२ | श्री कृष्णलाल पौडेल | | रूकुम पश्चिम | ९८६६९३१२४८ |
| ५३ | श्री शिवप्रसाद पौडेल | | कैलाली | ९८४८४२७९३१ |
| ५४ | श्री सुशीला पौडेल | | कैलाली | ९८४३०८४१९१ |
| ५५ | श्री ब्रह्मलाल पौडेल | | कैलाली | ९८४८४३०४४७ |
| ५६ | श्री सुर्यप्रसाद पौडेल | | कञ्चनपुर | ९८४८७९४४४४ |
| ५७ | श्री हरिराज पौडेल | | चितवन | ९८५५०६३३४२ |
| ५८ | श्री रमेशकुमार पौडेल | | मकवानपुर | ९८५५०३९६०० |
| ५९ | श्री देवीलाल पौडेल | | चितवन | ९८४५११२२३१ |
| ६० | श्री कृष्णप्रसाद पौडेल | | सिन्धुपाल्चोक | ९८४१७८१३९० |
| ६१ | श्रीं मेनका पौडेल | | नवलपुर | ९८१९४२४९२१ |
| ६२ | श्री दिनेश पौडेल | | सुनसरी | ९८४२१७८०८० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | श्री चेतनाथ पौडेल | | मोरङ | ९८४२०२७९४८ |
| ६४ | श्री कुमार पौडेल | | ओखलढुङ्गा | ९८४१८९९५१८ |
| ६५ | श्री चन्द्रावती पौडेल | | कास्की | ९८४६०७८५५५ |
| ६६ | डा. विनोद पौडेल | | कास्की | ९८५६०८८४८८ |
| ६७ | श्री कृष्णप्रसाद पौडेल | | नवलपुर | ९८४५१७८५४३ |
| ६८ | प्रा. डा. राजेन्द्र पौडेल | | सिन्धुली | ९७०४७७९४०० |
| ६९ | श्री राजेन्द्र शर्मा पौडेल | | चितवन | ९८५५०५०३६२ |
| ७० | श्री डेगराज (प्रकाश) पौडेल | | मकवानपुर | ९८५५०६७३२० |
| ७१ | देवीराम पौडेल | | सुर्खेत | ९८५८०५२९५६ |
| ७२ | हरिहर पौडेल | | दाङ्ग | ९८५७८२३२८७ |
| ७३ | गोपाल पौडेल | | मोरङ | ९८५११२०७५५ |
| ७४ | देवराज पौडेल | | सर्लाही | ९८४४०३४७७२ |